REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs.   Date: 02.12.2025

पाकिम जिल्लाका जम्मा ३१ भूमिहीन परिवारहरूलाई कानुनी रूपमा जग्गा स्वामित्व अर्थात जमीनको पर्चा वितरण

सिक्किम सुकुम्बासी अर्थात भूमिहीन कल्याण योजना अन्तर्गत आज पाकिम जिल्ला प्रशासन केन्द्रको सम्ममेलन कक्षम  जिल्लाका भूमिहीन लाभार्थीहरूलाई जमीनको पर्चा वितरण कार्यक्रम सम्पन्न भयो दुई चरणमा सम्पन्न भएको यस वितरणको अपरान्हको कार्यक्रममा शिक्षा, खेलकुद तथा युवा मामिला विभाग र कानुन तथा संसदीय मामिला विभागका मन्त्री राजु बस्नेतले नाम्चेबुङ क्षेत्रका ११ भूमिहीन परिवारहरूलाई जमीनको पर्चा प्रदान गर्नुभयो।

यस अघि बिहानको कार्यक्रममा महिला, बालबालिका, वरिष्ठ नागरिक तथा दिव्याङ्जन कल्याण विभागकी सल्लाहकार तथा विधायक पामिन लेप्चाले २० लाभार्थी परिवारहरूलाई जमीनको पर्चा प्रदान गर्नु भएको थियो, जसमा ८ जना रिनोक क्षेत्रबाट र १२ जना नाथाङ-माछोङ क्षेत्रबाट रहेका थिए।

चिन्तन भवनमा कार्यशाला

इलेक्ट्रोनिक विस्तृत दुर्घटना रिपोर्ट (e- DAR), सड़क दुर्घटना  पीडितहरूको नगदरहित उपचार योजना २०२५, र सड़क सुरक्षा सम्बन्धी दुई दिने संवेदीकरण कार्यशाला आज गान्तोकको चिन्तन भवनमा शुरू भयो। सिक्किम सरकारको यातायात विभाग अन्तर्गत सड़क सुरक्षा परिषद् र मोटर वाहन डिभिजनले राष्ट्रिय सूचना विज्ञान केन्द्र, सिक्किमसँगको सहकार्यमा कार्यशालाको आयोजना गरेको थियो।

यातायात विभागका विधायक र सल्लाहकार मदन सिनचुरीले प्रमुख अतिथिको रूपमा कार्यशालाको उद्घाटन गरे।

मिजोरम र सिक्किमका साहित्यकारबीच सौहार्दपूर्ण भेट

मिजोरमका चर्चित  साहित्यकार निर्मल कुमार पुन, पुलिस अधिक्षकबाट अवकाशप्राप्त तथा समाजसेवी पुर्णबहादुर छेत्री र सामाजिक अभियन्ता पङ्कज गुरूङको पश्चिम सिक्किम साहित्य प्रकाशनका सदस्यहरूसँग गेजिङमा एक सौहार्दपूर्ण पूर्व- भेट कार्यक्रम सम्पन्न भयो। नेपाली साहित्य र सांस्कृतिक एकताको सन्देश बोकेको यो भेटघाट गेजिङस्थित साहित्य प्रकाशनको मुख्य कार्यालयमा सम्पन्न भएको हो, जहां दुवै राज्यका साहित्यप्रेमीहरूको उल्लेखनीय उपस्थिति देखियो।

कार्यक्रममा पद्मश्रीबाट समामानित केदार गुरूङ, गोबरधन बाँस्तोला, साहित्यकार लक्ष्मीप्रदास गुरूङ, प्रखाशनकी अध्यक्ष रिकी लामू लेप्चा उपस्थित थियो। यो पुरस्कार हरेक वर्ष निरन्तर र समर्पित रूपमा नेपाली भाषामा कलम चलाइरहेका साहित्यिक साधकहरूलाई प्रदान गरिँदै आएको छ। यस वर्षको तेस्रो संस्करण अन्तर्गत पुरस्कार मिजोरम, आइजोलकी लक्ष्मी मिनुलाई प्रदान गरिएको घोषित भए पनि उनी उपस्थित नहुँदा पुरस्कारको प्रतिष्ठित प्रतीक तथा सम्मानपत्र  निर्मल कुमार पुनलाई हस्तान्तर गरिएको थियो। यस भेटघाटले मिजोरम र सिक्किमबीच नेपाली साहित्यकारहरूको आपसी सम्बन्ध, समझदारी र सांस्कृतिक निकटता थप मजबुत भएको स्पष्ट संकेत गरेको छ।

पोर्टल विद्युत विभागको स्व- सेवा शुरू

सिक्किम सरकारको विद्युत विभागले स्व- सेवा पोर्टल selfservice.powersikkim.in शुरू गरेको छ। यो एक प्रयोगकर्ता- मैत्री अनलाइन प्लेटफर्म हो जुन सबै उपभोक्ताहरूको लागि विद्युत खाता व्यवस्थापनलाई सरल, छिटो र पहुँचयोग्य बनाउन डिजाइन गरिएको हो।

पोर्टल मार्फत, प्रयोगकर्ताहरूले बिजुली बिलहरू हेर्न र तिर्न, बिजुली जडानको लागि आवेदन दिन, सेवा संबन्धी अनुरोध र गुनासोहरू पेश गर्न तथा आफ्नो आवेदनको स्थिति ट्रयाक आदि गर्न सक्नेछन्।

पदक विजेताहरूलाई सम्मान

मङ्गन जिल्लाको ब्लक प्रशासनिक केन्द्र (BAC)काबी टिंग्दाले हालै गुवाहाटीमा आयोजित दोस्रो पैरा खेलकुद प्रतियोगितामा उल्लेखनीय उपलब्धि हासिल गरेकोमा फुन्तसोक ताशी भुटिया र थिनले चोपेल भुटियालाई सम्मान गरेको छ। निरन्तर प्रदर्शन गर्ने फुन्तसोक ताशी भुटियाले गत वर्ष पहिलो पैरा खेलकुद प्रतियोगितामा स्वर्ण पदक जितेपछि टेबल टोनिसमा रजत पदक जितेका थिए। थिनले चोपेल भुटियाले आफ्नो  पहिले पटकको खेल खेल्दै  कांस्य पदक ल्याए।

गेजिङ जिल्ला जलाधार महोत्सवको दोस्रो दिन आज

प्रधानमन्त्री  कृषि सिँचाइ योजना २  ओ को जलाधार विकास घटक अन्तर्गत गेजिङ जिल्लाको बेघा ग्राम प्रशासन एकाइले जलाधार महोत्सवको दोस्रो दिन उत्साहजनक रेखाचित्र र भित्ति-चित्रकला प्रतियोगिताको आयोजना गर्यो।

यो कार्यक्रम वन तथा पर्यावरण विभाग अन्तर्गत सामाजिक वीकरण डिभिजन, गेजिङ्दवारा आयोजना  गरिएको थियो।

देन्तम बेघा क्षेत्रीय निर्वाचन क्षेत्रका जिल्ला सदस्य, दिनेश कुमार गुरूङ कार्यक्रममा प्रमुख अतिथिको रूपमा उपस्थित थिए।